०४४-५५०६७५

नेपाल सरकार
# बर्दिवास नगरपालिका कार्यालय
बर्दिवास, महोत्तरी

नगरपालिका क्षेत्र भित्रका घरधुरी, पसल कवल, व्यवसाय तथा संस्थागत क्षेत्रबाट निस्कने फोहरजन्य पदार्थ संकलन तथा व्यवस्थापन गर्ने कार्यका लागि
## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः-२०७३।०४।११ गते)

यस बर्दिवास नगरपालिकाको क्षेत्रमा आ.व. २०७३।०७४ को नगरपरिषदबाट अधिकार प्रत्यायोजन, सर्वदलीय, सर्वपक्षीय छलफल र नगरबोर्डको निर्णय अनुसार **शूल्कमा आधारित फोहर संकलन सेवा** लाई नेपाल सरकारले कार्यान्वयनमा ल्याएको फोहरमैला व्यवस्थापन ऐन,२०६८ र नियमावली, २०७० तथा वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७० बमोजिम फोहरमैलालाई प्राथमिक चरणदेखि नै जैविक तथा अजैविक फोहरको वर्गिकरण सहितको संकलन सेवालाई प्रभावकारी बनाउने, बर्दिवास न.पा. क्षेत्रवाट निस्कासन हूने अजैविक (पून:प्रयोगयोग्य वा पूनचक्रणयोग्य) फोहरजन्य वस्तूहरुको वर्गिकरण सहितको संकलन सेवा बिस्तार गर्ने, कम्पोष्ट केन्द्र संचालन तथा व्यवस्थापन गर्ने, प्लाष्टिक लगायत पून: प्रयोगयोग्य र पूनचक्रणयोग्य वस्तूहरुको वर्गिकरण सुविधा सहितको पृथकिकरण केन्द्रको स्थापना तथा व्यवस्थापन गर्ने, मुख्य बजारक्षेत्र तथा आसपासका खूल्ला नाली सफाई तथा झारफडानी जस्ता कामहरुको लागि न.पा. कार्यालयको निर्णयानूसार सार्वजनिक नीजि साझेदारी अवधारणा बमोजिम आगामी आ.व.२०७३।०७४ देखि न्यूनतम ५ (पांच) वर्षका लागि व्यवस्थापन करार अन्तर्गत सेवा सञ्चालन गर्न इच्छूक संघ, संस्था, कम्पनी वा व्यक्तिहरुलाई यो सूचना प्रथम पटक (दैनिक पत्रिका द पब्लिक टुडे समेतमा) प्रकाशित मितिले ३० दिन भित्र आफुले व्यवस्थापन गर्न चाहेको सेवा, शर्त तथा सूविधा सहित देहाय बमोजिमको विवरण खूल्ने गरी विस्तृत कार्ययोजना सहितको प्राविधिक तथा बित्तीय प्रस्ताव यस नगरपालिका कार्यालय, वातावरण तथा फोहरमैला व्यवस्थापन शाखामा आइपग्ने गरी शिलवन्दी प्रस्ताव पेश गर्नू हून यो सूचना प्रकाशित गरिएको छ ।

<u>प्रस्ताव संगै खूलाउनू पर्ने मुख्य मुख्य विवरणहरु:</u>

१. नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता र नविकरण, स्थायी लेखा नम्वर (PAN) वा मूल्य अभिबृद्धिकर (VAT) दर्ता प्रमाणपत्र, प्रचलित कानुन बमोजिम सेवा संचालनको लागि अनूमति लिनू पर्ने भए सो को अनूमति पत्र र आ.व.२०७१।०७२ सम्मको करचूक्ता प्रमाणपत्र जस्ता कागजातहरुको प्रमाणित प्रतिलिपि,
२. प्रस्तावकले प्रस्ताव पेश गर्दा प्रचलित ऐन नियम बमोजिम बर्दिवास नगरपालिका क्षेत्रबाट निस्कासन हूने फोहरजन्य पदार्थको संकलनमा जैविक तथा अजैविक फोहरको पृथकिकरण, पून:प्रयोगयोग्य, पूनचक्रणयोग्य तथा खतराजन्य फोहरलाई घटाउने, पृथकिकरण गर्ने, पूनचक्रणको बिधिबाट पून:उत्पादन र उपचार सहितको अन्तिम बिसर्जन, खूल्ला नाली तथा ढलको सफाई तथा झाडी फाड्ने सम्मका काम सम्बन्धी दिर्घकालिन सोच, कार्यक्रम, कार्ययोजना, यसका लागि परिचालन गरिने भौतिक, मानवीय श्रोत र आर्थिक लगानीको खाका, नगरपालिकाबाट अपेक्षा गरिएको आर्थिक, भौतिक तथा प्रशासूनिक सहयोगको खाका सहितको प्राविधिक प्रस्ताव तथा सेवा संचालन तथा व्यवस्थापन पद्धति, सेवा शूल्क तथा अन्य कूनै भए सो समेत खूल्ने गरी बित्तीय प्रस्ताव,
३. प्रस्तावकले प्रस्ताव पेश गर्दा कृषि विकास बैंक, शाखा कार्यालय, बर्दिवास स्थित यस कार्यालयको धरौटी खाता नं. १००६३००७५१६०८०२२(ग-३-३ धरौटी) मा नगद रकम रु.५०,०००।०० ( पचास हजार रुपैया) जम्मा गरेको बैंक भौचर,
४. पेश भएका शिलवन्दी प्रस्ताव ३१ औं दिनको २ बजे खोलिनेछ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट खोलिनेछ । उक्त दिन र समयमा प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित हूनू पर्नेछ । प्रस्तावक र प्रतिनिधि उपस्थिति नभएपनि प्रस्ताव खोल्ने कार्यमा वाधा पर्ने छैन ।
५. प्रस्ताव स्वीकृत गर्ने नगर्ने अन्तिम अधिकार नगरपालिकामा सूरक्षित रहनेछ ।
६. अन्य कुरा नियमानुसार हुनेछ ।

यस बिषयमा थप जानकारी आवश्यक परेमा वातावरण तथा फोहरमैला व्यवस्थापन शाखामा सम्पर्क राख्नू हून अनुरोध छ ।

ईति सम्वत २०७३ साल श्रावण ११ गते रोज ३ मा